

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, श्रावण १ गते २०२४ साल [ अतिरिक्ताङ्क १४ (ख)

श्री ५ को सरकार

जल तथा विद्युत मन्त्रालयको

सूचना

नेपाल विद्युत कर्पोरेशन ऐन, २०१९ को दफा २१ (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल विद्युत कर्पोरेशनलाई मिति ०१९-५-१ को नेपाल राजपत्र द्वारा तोकेको क्षेत्रहरूमा र काभ्रेपलाञ्चोक तथा नुवाकोट जिल्लाहरूको साथै भिमफेदीमा समेत त्रिशूली जल विद्युत केन्द्र, पनौती जल विद्युत केन्द्र, पाटन विद्युत केन्द्रबाट थप विद्युत उत्पादन गरी वितरण गर्ने गरी निर्देश दिएको छ ।

आज्ञाले-

भरतबहादुर प्रधान

श्री ५ को सरकारको का. मु. सचिव ।



197

अधिकारिकलो मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जल तथा विद्युत मन्त्रालयको

## सूचना

नेपाल विद्युत कर्पोरेशन ऐन, २०१९ को दफा १ को उप–दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काभ्रेपलाञ्चोक र नुवाँकोट जिल्लाहरूको साथ भिमफेदीमा समेत यो ऐन प्रारम्भ हुने मिति २०२४ साल श्रावण १ गते तोकेको छ ।

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।